जि.प्र.का.झापा द.नं.६९। ०५७।०५८
सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता
दैनिक

# पूर्वसन्देश

PURBA SANDESH DAILY

purbasandesh.com



## मौनताः शक्ति कि कमजोरी ?

बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोनः ०२३-५७५४०९

**शिक्षा सम्बन्धी संवैधानिक हक**

- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत शिक्षा पहुँच हुनेछ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुःल्क पाउने हक हुनेछ।
- अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ।
- ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ।
- प्रत्येक समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

**शिक्षासम्बन्धी हकको उपयोग गरौं।**
**निःशुल्क, अनिवार्य, समान पहुँचयुक्त र समावेशी शिक्षा सुनिश्चित गरौं।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

❑ वर्ष-२१ ❑ अंक - १०५ ❑ २०८२ चैत्र ३० गते सोमबार ❑ Monday, 13 April 2026 ❑ मूल्य ७ /-

## राष्ट्रपति-अध्यक्ष भेट

**दमक**/ राष्ट्रपति रामचन्द्र पौडेलसँग राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले शिष्टाचार भेट गरेका छन्। राष्ट्रपति पौड भेट्न अध्यक्ष दाहाल आइतबार बिहान शीतल निवास पुगेका थिए। राष्ट्रपतिको सचिवालयका अनुसार अध्यक्ष दाहालले टर्कीमा हुने अन्तर व्यवस्थापिका संघको साधारणसभामा आफू सहभागी हुने जानकारी राष्ट्रपति पौडेललाई गराएका थिए। साथै उनीहरूबीच समसामयिक विषयमा छलफल भएको जनाइको छ।

## अग्रज पत्रकार 'गोक्षे' अस्पताल भर्ना

**भद्रपुर**/ झापाका अग्रज पत्रकार गोविन्द चन्द्र क्षेत्री (गोक्षे) बिरामी भई अस्पताल भर्ना भएका छन्। पारिवारिक स्रोतका अनुसार ८२ वर्षीय क्षेत्रीलाई भद्रपुरस्थित ओमसाई पाथीभरा हस्पिटलमा बिहीबार उपचारका लागि भर्ना गरिएको हो। उनी केही समयदेखि नशा र मुटु रोगबाट पीडित थिए। हाल भने उनको शरीरमा सोडियम र हेमोग्लोबिनको कमी देखिएको चिकित्सकले बताएका छन्। लामो समयदेखि पत्रकारितामा सक्रिय क्षेत्री झापा जिल्लाका पुराना र सम्मानित सञ्चारकर्मीका रूपमा चिनिन्छन्।

## डढेलो र आगलागीका घटना धेरै

**दमक**/ राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले १ वर्षमा ७ हजार ६४८ वटा विपद्का घटना भएका जनाएको छ।

यसमध्ये आगलागी र डढेलोका घटना सबैभन्दा बढी छन्। आवश्यक सावधानी नअपनाउदा, जनचेतनाको अभाव, वन तथा सुक्खा एवं सुकेको सामग्रीमा आगो लगाउने प्रवृत्तिका कारण आगलागी तथा डढेलोका घटना बढेको प्राधिकरणको भनाइ छ। गएको वैशाखदेखि चैतसम्मको अवधिमा देशभर आगलागीका ३ हजार ७२० वटा आगलागीका घटना भएका छन्।

रेल मार्गको जग्गा

# बजेटमा फुकुवा, व्यभारमा रोक्का

**दमक**/ पूर्वपश्चिम विद्युतीय रेलमार्ग निर्माणका लागि रोक्का राखिएको जग्गा सरकारले बजेट मार्फत फुक्काको घोषणा गरेको थियो। आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यमा रेल निर्माणका लागि रोक्का राखेको जग्गा फुकुवा गर्ने निर्णय त भयो तर अझै कार्यान्वयन भएको छैन।

लामो समयदेखि घरजग्गा रोक्का हुँदा आर्थिक कारोबार ठप्प भएको भन्दै जग्गाधनीहरूले कि त जग्गाको मुआब्जा दिनुपर्ने नत्र आ ँनो जग्गा फिर्ता दिन सरकारसँग आग्रह गर्दै आएका थिए। सोहि आग्रह अनुसार सरकारले रोक्का फुकुवाको घोषणा गरेको थियो। तर अझै सम्म पनि कार्यान्वयन नहुँदा जग्गाधनीहरूले समस्याबाट मुक्ति पाउन सकेका छैनन्। पूर्वपश्चिम विद्युतीय रेल मार्ग मुआब्जा समन्वय समिति कोशीका महासचिव रञ्जित प्रसाईका अनुसार सरकारको घोषणा कार्यान्वयन गर्न पटक पटक आग्रह गरिए पनि सुनुवाई भएको छैन। उनले भने, 'जग्गा रोक्का हुँदा हामी जग्गाधनीका सवै आर्थिक कारोवार ठप्प छन्, जग्गा भएर पनि बैंकिङ् कारोवार र किनबेच हुन पाएको छैन। त्यसैले फुकुवा गर्न हामीले पटक पटक भने पछि घोषणा त भयो अझै सम्म कार्यान्वयन नहुँदा दुःख पाई रहनु परेको छ।' रेलवे प्रभावित समन्वय तथा मुआब्जा निर्धारण समिति कोशी प्रदेशका महासचिवसमेत रहेका प्रसाईका अनुसार रेलमार्गभित्र

बाँकी ४ पेजमा ▸▸

## निरन्तर घाटामा रेल सेवा

देशको एकमात्र रेल सेवा सञ्चालन गरिरहेको नेपाल रेल्वे कम्पनी लिमिटेडले आर्थिक घाटा झेल्दै आएको छ। पछिल्लो पाँच वर्षको तथ्याङ्कले कम्पनीको आम्दानीभन्दा खर्च झण्डै तेब्बर बढी रहेको देखाएको छ। कम्पनीको व्यावसायिक कार्ययोजना-२०८२ अनुसार आर्थिक वर्ष २०७६/७७ देखि २०८०/८१ सम्म १९ करोड २१ लाख रुपियाँ आम्दानी हुँदा ६७ करोड ३७ लाख रुपियाँ खर्च भएको उल्लेख गरेको छ। यस अवधिमा कुल ४८ करोड १५ लाख ८० हजार रुपैयाँ घाटा व्यहोर्नुपरेको छ।

पछिल्लो आर्थिक वर्ष २०८०/०८१ मा मात्र ८ करोड ५० लाख आम्दानी हुँदा २६ करोड २७ लाख रुपियाँ खर्च भएको छ। हाल मासिक आम्दानी करिब ७५ लाख रुपियाँ भएपनि खर्च १ करोड २९ लाख रुपियाँ पुग्ने गरेको छ। आम्दानीले खर्च धान्न नसक्दा कम्पनीले सरकारको जमानीमा ऋण लिँदै सञ्चालन गर्नुपरेको छ। २०८१ असार मसान्तसम्म सावाँ र

बाँकी ४ पेजमा ▸▸

# दमक सहकारी संस्थाको सपथ ग्रहण तथा पद हस्तान्तरण




**दमक**/दमक सहकारी संस्था लिमिटेड दमक-६,झापाको नवनिर्वाचित संचालक समिति तथा लेखा सुपरीवेक्षण समितिको सपथ ग्रहण तथा पद हस्तान्तरण कार्यक्रम सम्पन्न भएको छ।

निर्वाचन समितिको संयोजक श्री यज्ञराज गिरीको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा निवर्तमान अध्यक्ष श्री पुण्यप्रसाद ढुंगाना एवं सल्लाहकार समिति, अन्य उपसमितिका सदस्य तथा शेयर सदस्यहरूको उपस्थिति रहेको थियो।

नवनिर्वाचित सञ्चालक समितिको अध्यक्षमा डा. नेत्र बहादुर बुढाथोकी, उपाध्यक्षमा भवकृष्ण खतिवडा, सचिवमा पदम प्रसाद घिमिरे सदस्यहरूमा रेनुका ओली, मनि कुमार बुढाथोकी, सुरेन्द्र भण्डारी, टंकप्रसाद ढुंगाना, अम्बर बहादुर कुमाल र सरिता सुब्बा थेवे एवं लेखा सुपरीवेक्षण समितितर्फ संयोजक जयराज भट्टराई, सदस्यहरूमा भिम बाबु भट्टराई र संगिता प्रसाई सर्वसम्मत निर्वाचित भएका थिए। निर्वाचित हुने सदस्यहरूलाई निर्वाचन समितिको संयोजकले शपथ ग्रहण गराएका थिए भने उक्त कार्यक्रममा संस्थाका निवर्तमान उपाध्यक्ष हिमालय प्रसाद दाहालले स्वागत मन्तब्य राखेका थिए।

त्यसैगरी निवर्तमान अध्यक्ष पुण्यप्रसाद ढुंगाना, देउकुमार नेम्बाङ् इन्दिरा भण्डारी लगायतले शुभकामना मन्तब्य राखेका थिए भने नवनिर्वाचित अध्यक्ष डा. नेत्र बहादुर बुढाथोकीले सबैलाई धन्यवाद ज्ञापन गर्दै आगामी कार्य योजना बारे छोटकरीमा जानकारी गराएको कुरा संस्थाका व्यवस्थापक घनेन्द्र भट्टराईले जानकारी गराएका थिए।

# बहुपक्षीयता प्रति नेपालको प्रतिवद्धता

**दमक**/ सरकारले बहुपक्षीयताप्रति नेपाल सधैँ प्रतिबद्ध रहेको बताएको छ। न्युयोर्कमा अन्तर्राष्ट्रिय समुदायसमक्ष नेपालले बहुपक्षीयता र अन्तर्राष्ट्रिय ऐक्यबद्धताप्रति दृढ प्रतिबद्धता व्यक्त गरेको हो।

राष्ट्रसङ्घका लागि न्युयोर्कमा नेपालको स्थायी नियोगले आईतबार विश्व संस्थाको मुख्यालयमा २६३ औँ नेपाली सेना दिवस तथा राष्ट्रसङ्घीय शान्ति सेनामार्फत द्वन्द्वग्रस्त विश्वका विभिन्न देशमा शान्ति स्थापनामा ६८ वर्षदेखि निरन्तर योगदान गरेको सन्दर्भमा आयोजना गरेको विशेष स्वागत समारोहमा नेपालले राष्ट्रसङ्घलाई केन्द्रमा राखेर वर्तमान विश्वले झेलेका चुनौती बहुपक्षीयताको प्रवर्द्धनबाट सामना गर्न सकिने बताएको हो।

राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि लोकबहादुर थापाले नेपाली सेनाको गौरवशाली इतिहासबारे जानकारी दिएको नियोगले जनाएको छ। नेपाली सैनिकको सेवा, बलिदान र व्यावसायिकताबाट परिचित राष्ट्रिय संस्थाले राष्ट्रिय अखण्डताको रक्षा गर्नुका साथै विश्व शान्ति र सुरक्षाका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको राजदूत थापाले बताए।

अहिलेसम्म एक लाख ६० हजारभन्दा बढी नेपाली शान्ति सैनिकले विभिन्न राष्ट्रसङ्घीय 'मिसन'मा सेवा गरिसकेको उल्लेख गर्दै नेपालले बहुपक्षीयता र अन्तर्राष्ट्रिय ऐक्यबद्धताप्रति आफ्नो दृढ

बाँकी ४ पेजमा ▸▸

## करेन्ट लागेर मृत्यु

***भद्रपुर**/ झापाको बाह्रदशी गाउँपालिका-२ मा वाइफाइको प्लग जोड्ने क्रममा नाङ्गो तार छुँदा करेन्ट लागेर एक महिलाको मृत्यु भएको छ।स्थानीय ३५ वर्षीया सुनिता बास्कीको करेन्ट लागेर मृत्यु भएको हो। जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक खगेन्द्रबहादुर खड्काका अनुसार आफ्नै घरमा वाइफाइको प्लग जडान गर्ने क्रममा नाङ्गो तार छोएपछि बास्कीको करेन्ट लागेर घटनास्थलमै मृत्यु भएको हो।*

# पार्टी प्रमुखहरु एउटै समितिमा

**दमक**/ प्रतिनिधी सभाको राज्य व्यवस्था तथा सुशासन समितिमा संसदका मुख्य दलका शिर्षनेताहरू रहेका छन्। यस समितिमा चार पार्टीका प्रमुख एउटै संसदीय समितिमा समावेश छन्। गत शुक्रबार प्रतिनिधिसभाले १० वटा विषयगत समिति र दुई वटा संयुक्त समितिमा रहने सदस्यहरु तय गरेको थियो। त्यसक्रममा प्रमुख पार्टीका प्रमुखहरु यो समितिमा बसेका हुन्। राज्य व्यवस्था तथा सुशासन समिति २६ सदस्यीय छ।

यसको सदस्यमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने, नेपाली कम्युनिस्ट पार्टीका अध्यक्ष तथा संसदीय दलका नेता पुष्पकमल दाहाल 'प्रचण्ड छन्।

यी दुवै जना विघटित प्रतिनिधिसभाको कार्यकालमा पनि यही समितिको सदस्य रहेका छन्। यसबाहेक श्रम संस्कृति पार्टीका अध्यक्ष हर्कराज राई र राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का संसदीय दलका नेता ज्ञानबहादुर शाही पनि राज्य व्यवस्था तथा सुशासन समितिमै रहेका छन्। यसबाहेक समितिमा अफ्साना बानु, अमरेश कुमार सिंह,

बाँकी ४ पेजमा ▸▸

**नव वर्ष २०८३**
**को हार्दिक मंगलमय शुभकामना**

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, शिक्षक, अभिभावक, कर्मचारी तथा शिक्षाप्रेमी महानुभावहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं।

**मनोज राई**
संस्थापक निर्देशक

**चन्द्रप्रकाश राई**
संस्थापक प्रिन्सिपल

**चुलाचुली अंग्रेजी बोर्डिङ मा.वि. परिवार**
दमक-१, झापा

**नव वर्ष २०८३**
**को हार्दिक मंगलमय शुभकामना**

नव वर्ष २०८३ सालको शुभ अवसरमा सम्पूर्ण विद्यार्थी, अभिभावक, प्राध्यापक, कर्मचारी, शिक्षाप्रेमी महानुभाव तथा समस्त नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, समृद्धि, दीर्घायु एवं उत्तरोत्तर प्रगतिको
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं।

**ढुण्डीराज भण्डारी**
अध्यक्ष

**यज्ञराज गिरी**
क्याम्पस प्रमुख

**दमक बहुमुखी क्याम्पस परिवार**
दमक (झापा)

# सम्पादकीय

## किसानलाई फेरि उठाउन जरुरी

झापा लगायत पूर्वी नेपालको कृषि क्षेत्रमा पछिल्लो समय देखिएको प्राकृतिक विपत्तिको प्रभाव अत्यन्त गम्भीर र चिन्ताजनक छ । फागुनको अन्तिम सातादेखि चैतको दोस्रो सातासम्म आएको हावाहुरी, असिना र वर्षाले झापामा मात्रै करिब ३ अर्ब १८ करोड रूपैयाँभन्दा बढीको क्षति हुनु सामान्य घटना होइन । यसले कृषि प्रणालीको कमजोर संरचना र जोखिम न्यवस्थापनको अभावको अवस्था दर्साएको छ । यसअघि पनि बर्डफ्लुका कारण कुखुरा पालन क्षेत्रमा ठूलो आर्थिक नोक्सानी भइसकेको सन्दर्भमा, किसानहरु लगातार संकटको चपेटामा परिरहेका छन् ।

नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदान अझै पनि महत्वपूर्ण छ । ठूलो जनसंख्या यसै पेशामा निर्भर रहँदा, यस्ता विपत्तिहरुले प्रत्यक्ष रुपमा लाखौं नागरिकको जीवनयापनमा असर पुऱ्याउँछन् । प्राकृतिक प्रकोप, जैविक जोखिम र बजार अस्थिरता जस्ता चुनौतीहरुले किसानलाई बारम्बार उठ्न नसक्ने गरी कमजोर बनाइरहेका छन् । यसले दीर्घकालीन रुपमा खाद्य सुरक्षा र आर्थिक स्थायित्वमा समेत असर पार्न सक्छ ।

यस परिस्थितिमा अल्पकालीन र दीर्घकालीन दुवै प्रकारका समाधानहरु आवश्यक छन् । अल्पकालीन रुपमा, सरकारले तुरुन्तै राहत तथा क्षतिपूर्ति कार्यक्रम लागू गर्नुपर्छ। क्षतिको यथार्थ मूल्याङ्कन गरी पारदर्शी र छिटो वितरण प्रणालीमार्फत किसानलाई सहयोग पुऱ्याउनु अत्यावश्यक छ । यसले किसानको मनोबल उच्च राख्न र पुनः उत्पादनमा फर्कन सहयोग पुऱ्याउँछ । तर दीर्घकालीन समाधान अझ महत्वपूर्ण छ । कृषि बीमा कार्यक्रमलाई अनिवार्य र अनुदानयुक्त बनाउनु अत्यन्त आवश्यक छ । प्राकृतिक वा जैविक विपत्तिका बेलामा पनि किसानले सुरक्षाको अनुभूती गर्न विमा कार्यक्रम जरूरी बनेको छ । यस्तै मौसम पूर्वानुमान र अग्रीम सूचना प्रणालीलाई थप सुदृढ बनाउनुपर्छ, जसले किसानलाई समयमै सचेत गराई क्षति न्यूनिकरण गर्न मद्दत गर्छ । आधुनिक प्रविधिको प्रयोग, जलवायु अनुकूल खेती प्रणाली, र जोखिम न्यूनीकरण रणनीतिहरु विकास गर्नु पनि उत्तिकै जरूरी छ ।

यससँगै, कृषि क्षेत्रलाई न्यवसायिक र प्रतिस्पर्धी बनाउन तीनै तहका सरकारहरुबीच समन्वय आवश्यक छ किसानमैत्री नीति, सहुलियत ऋण, बजार सुनिश्चितता, र प्रविधि पहुँच विस्तार जस्ता कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्छ । कृषकलाई केवल उत्पादनकर्ता होइन, उद्यमीका रुपमा विकास गर्न सके मात्रै दीर्घकालीन समाधान सम्भव हुन्छ । तीनै तहका सरकारहरूले प्राकृतिक कारणले थला पर्न लागेका किसानलाई फेरी उठाउन जरूरी छ । किसानहरू राज्यको अनुभूती पाउने आशामा निराश बनि रहेका बेला राज्यको उनीहरुलाई संरक्षण र सुरक्षाको अनुभूती दिलाउन सक्नु पर्दछ ।

# मौनता : शक्ति कि कमजोरी ?



बाँस्कोटा धनञ्जय
baskota69@gmail.com

> मौनताले अस्थित्व देख्छ, आत्माको आवाज सुन्छ, स्वत्वलाई बुझ्छ। नियन्त्रण गर्छ। मन्दिर, चर्च, मस्जिद, सिनागोगमा जानेहरू मौनता साँधेर ऊर्जा लिन्छन्। दीव्य शक्ति आर्जन गर्छन्। नत्र शक्तिपीठहरूमा किन मान्छे मरिहत्ते गरेर जान्छन्? हल्ला गर्न जाने त हाइन नि त त्यहाँ

अहिले एकातिर प्रधानमन्त्रीले संसदमा पनि किन नबोलेका भनेर प्रश्न गर्नेहरूको लाम छ भने अर्कातिर नेकपा एमालेका नेताहरु अर्कालाई गाली गरेर कहिल्यै नथाकेका मात्रै होइन, उनीहरु सरकार बिरोधी आन्दोलन गर्ने भनेर आइरहेका खबरहरु सुन्दा, पढ्दा र देख्दा मानिसहरूलाई आश्चार्य लाग्नु निकै अस्वभाविक कुरो हो । आश्चार्य मान्नु पर्ने कुनै कारण पनि छैन । दलले लोकतान्त्रिक व्यावस्था भएको मुलुकमा सरकारको बिरोध गर्न पाउँछ । यहाँसम्म ठीक छ ।

**त्यसोभए किन बेठीक भन्न खोजेको त ?**

बेठीक के भने नि एमालेजनलाई एउटा कुराको ज्ञान नभएको देखियो । त्यो हो 'पावर अफ साइलेन्स' (मौनताको शक्ति) । धेरै राजनेताहरु, वैज्ञानिकहरु र दार्शनिकहरूमा मौनताको गुण थियो । त्यही मौनता तिनको शक्ति थियो ।

मौन व्यक्तिहरु धेरै अवलोकन गर्छन्, गाम्भीर्यमा बुझ्छन् र परिपक्क निर्णय गर्छन् । मौनताले अनावश्यक तनाव कम गर्छ र गल्ती गर्ने सम्भावना कम हुन्छ । त्यसले नाराको भरमा नभइ मूर्त विचारको आधारमा काम हुन्छ । भारतका पूर्व प्रधानमन्त्री मनमोहन सिंह ज्यादै कम बोल्थे । तर उनैहो हो भारतको शीर उच्च हुने सुधारका योजना ल्याए, भारतलाई विश्व बजारमा घुमिल गराए । रसियामूखी भारतलाई अमेरिकासंग आणविक सम्झौता गरेर प्रविधिकरण र लोकतान्त्रिकीकरण गरे ।

१६ बर्ष निरन्तर चुनाव जितेर जर्मनीको चान्सलर बनेकी एन्जेला मार्केल ज्यादै कम बोल्छिन् । तर उनले युरोपलाई एकतावद्ध बनाउनेदेखि शरणार्थी समस्याहरूलाई हल कसरी गर्ने भनेर समग्र युोपलाई उदारण दिइन् । सावधानपूर्ण र परिणाममूखी सम्वाद मात्रै गर्थिन् । उनले यही मौनताका कारण जनतामा भरोसा जगाइन् ।

अमेरिकी पूर्व राष्ट्रपति जर्ज वासिङ्टन पनि सार्वजनिक रूपमा ज्यादै थोरै बोल्थे । उनैले हो सारा अमेरिकीहरूमा भरोसा जन्माए । एकता जन्माए । आधिकारिकता जन्माए । र आधुनिक अमेरिकाको जन्म गराए । नेपालको हकमा पनि शुशील कोइराला ज्यादै कम बोल्ने नेता थिए । लोकतन्त्रप्रतिको उनको अभिभावकत्व अब्बल थियो ।

मौनता कमजोरी देखाएन, बरु यो शक्तिमा रूपान्तरण भयो । यसले काममा स्पष्टता, नैतिक स्थिरता र अर्थपूर्ण अभिव्यक्तिको ग्यारेन्टी गर्छ । त्यसले षडयन्त्रबाट, अनावश्यक बहसका जञ्जीरबाट मूक्ति दिलाउँछ । कतिखेर बोल्ने, के के बोल्ने, कति बोल्ने, के के नबोल्ने, कसका सामू बोल्ने, कसका सामू नबोल्ने जस्ता कुराहरूको हेक्का रहन्छ ।

अर्को महत्वपूर्ण कुरा के भने 'भर्बल' भाषा, अर्थात् बोलेर, आवाज निकालेर, लेखेर मात्रै भाषाले अर्थ पूर्ण रूपमा दिन सक्दैन । अर्थ भन्ने कुरा भाषाको सिमानाभन्दा पर पुगिसकेको हुन्छ । अर्थ भन्ने कुरा शब्दभन्दा पर पुगेको हुन्छ । र वाच्य वा लेख्य भाषाले वास्तविकता र सत्य ओकल्न कहिल्यै पनि सक्दैन । दार्शनिक जाँ पाल सार्तले भनेका छन्, 'मान्छेले अर्थ बोलिमा होइन, काममा बताउनु पर्छ ।' अर्थात् काम नै अभिव्यञ्जना हो । त्यस्तै अर्को दार्शनिक अल्वेयर क्यामू भन्छन्, 'मौनताले मान्छेको इच्छा र संसारको यथार्थबीचको दूरी अंत्य गरिदिन्छ । यस्तो दूरीलाई उनले 'एवसर्ड' अर्थात् बिसंगत भनिदिए ।' मान्छेलाई सत्यसंग लड्न र सतही अर्थबाट मूक्ति पाउनलाई 'स्पेस' (खाली जग्गा) त्यही मौनताले दिलाइदिन्छ । अहिलेका प्रधानमन्त्रीलाई मौनताको शक्ति कति हुन्छ भन्ने हेक्का रहेछ भन्ने देखियो । त्यसैले उनी शक्तिसाली पनि बनेका छन् अहिले ।

**त्यो भनेको मौनताको शक्ति हो।**

पूर्विय दर्शनमा पनि मौनतालाई बुद्धिमानी भनेर पुकारिएको छ बुद्ध दर्शनमा । बुद्धको मौन तपस्या यही त थियो नि । गांधी पनि निकै कम बोल्थे । गांधीको त्यही मौनता बेलायतीहरूको काल बन्यो । डिस्कोर्स गर्नेहरूले पनि मौनतालाई वैचारिक धरातल भन्छन् । डिस्कोर्सको बारेमा सबैभन्दा धेरै व्याख्या गर्ने नर्मन फेरिक्लाउ भन्छन्, 'मौनताले शक्तिसम्बन्धहरु स्थापित गर्छ । यो लुप्त विचार हो ।' शक्तिलाई स्थापित र नियमित बनाउन मौनता नै चाहिन्छ । सरकारले मौनतामार्फत बुल डोजर चलाएर भ्रष्टाचार र अनियमिततालाई उखेल्न सक्छ । राजनीतिमा त झन धेरै शसक्त हुन्छ मौनता । मौनताले अस्थित्व देख्छ, आत्माको आवाज सुन्छ, स्वत्वलाई बुझ्छ । नियन्त्रण गर्छ । मन्दिर, चर्च, मस्जिद, सिनागोगमा जानेहरु मौनता साँधेर ऊर्जा लिन्छन् । दीव्य शक्ति आर्जन गर्छन् । नत्र शक्तिपिठहरूमा किन मान्छे मरिहत्ते गरेर जान्छन् ? हल्ला गर्न जाने त हाइन नि त त्यहाँ । त्यही भएर मौनताले समाजलाई 'वाइयात कुतर्कहरूबाट' जोगाउँछ ।

गाली गर्दा राजनीतिको भकारी भरिने भए अस्तिको चुनावमा एमालेको बहुमत आउनु पर्ने हो । शब्दको अर्थ नजानी नजानी एक करोड आठ पटक 'लुसीफर' भन्दा नि भएन त ! फेदैमा पुगियो झन् । यसबेला शान्त भएर आफ्ना के के कमजोरी भए र जनताले पत्याएनन्, अव तिनीहरूलाई कसरी सच्याएर अघि बढ्ने भनेर मौनतामा आत्मसमीक्षा गर्नु पर्नेमा घोत्रो फुटुञ्जेल कराएको सुनिन्छ उहाँहरु । माओवादी जनयुद्ध कालका भाषामा रमाउँदै उफ्रिएको देखिन्छ । कांग्रेसमा केही मौनता त छ, तर उसको पनि बाटो आत्मसमीक्षातिर छैन । मौनताको राज त्यहाँ पनि छैन । समानान्तर पार्टी चलाइरहेका छन् । छताछुल्ल हुन चाहिरहेका छन् । रिंगटा लागेको छ । त्यही रिंगटामा बोल्नु परिरहेको छ कांग्रेस नेताहरूले । राप्रपाका नेताहरूमा केही मौनता छ, तर त्यहाँ राप पनि छैन, ताप पनि छैन, प्रकाश पनि छैन । एउटै एजेण्डा बोक्नेहरूबीच सहमति र सहकार्य 'कहिल्यै' गर्न सकेनन् । हतार हतार बोलेर उपसभामूख किन खोज्नु परेको ? पार्टी जनअनुमोदित नभएपछि पद खोज्नु बेठीक थियो ।

नेपाली जनताले अहिले ठूलो राहत पाएका छन् । नेपाली जनताको कानको सुरक्षा भएको छ । कम्तिमा वर्तमान र पूर्व प्रधानमन्त्रीहरु, मन्त्रीहरूको कान टट्टाउने गरी बोलिएका 'बकम्फुसे कुरा' त सुन्नु परेको छैन । गत भाद्र महिना पछाडि कान र दिमागलाई कति शान्ति र अमनचैन मिलेको छ ? यिनका 'फोकट्या कुरा' त सुन्नु परेको छैन कम्तिमा ! तर दुर्भाग्य, यी फेरि चिच्याउन थालेका छन् । हाम्रा कान फेरि थोत्रिने सम्भावना बढिरहेको छ । यिनलाई अझै भ्रम छ, सारो करायो भने फेरि पनि भोट जितिन्छ ।

प्रभू, यिनको बुद्धिको बिर्को खोलिदेउ । यिनले पार्टीका 'निथार' पनि सक्ने भए । यिनले अझै पनि मौनतालाई कमजोरी ठानिरहेका छन् । दमक-झापा




नव वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

नव वर्ष २०८३ सालको सुखद अवसरमा सम्पूर्ण नगरबासी दाजुभाई, दिदीबहिनीहरूमा सुख-शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिकोलागि **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**जनहितमा जारी सन्देश**

- आफ्नो वडा टोलहरु सफा राखौं ।
- चैत, वैशाख हावाहुरी र आगलागीका महिनाहरूमा विशेषत सतर्कता अपनाऔं ।
- बालबालिकालाई शिक्षाबाट बञ्चित नगराऔं । यदि सहयोगापेक्षि बालबालिका भए वडा कार्यालयमा सम्पर्क राखौं ।
- बाटामा ढुंगा, गिटी थुपारेर यातायातमा अवरोध नपुऱ्याऔं ।
- निःशुल्क र गुणस्तरीय शिक्षाका लागि सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना गराऔं ।
- मादक पदार्थ सेवन गरी समाजमा अशान्ति फैलाउने कार्य नगरौ । लागु पदार्थ विक्रीतिरणलाई निरत्साहित बनाऔं

| | |
|---|---|
| भीम पौडेल | : वडा अध्यक्ष |
| इन्दु पौडेल | : सदस्य |
| मानबहादुर खवास | : सदस्य |
| तारा नरपहेंली | : सदस्य |
| अजित राई | : सदस्य |
| योगेश भट्टराई | : वडा सचिव |

**७ नं. वडा कार्यालय**
**दमक नगरपालिका**
दमक-झापा

# कमल गाउँपालिका

## गाउँ कार्यपालिकाको विशेष अनुरोध

- व्यक्तिगत घटना जन्म मृत्यु बसाई सराई, विवाह सम्बन्ध विच्छेद तोकिएको समय ३५ दिन भित्रमा दर्ता गरौं ।
- गाउँपालिका तथा वडा कार्यालयलाई बुझाउने कर, दस्तुर, मालपोतलगायत अन्य राजस्वहरू समयमै बुझाइ जरिवानाबाट बचौं ।
- घरहरू निर्माण गर्दा वस्ती विकास शहरी योजना तथा भवन निर्माण सम्बन्धी नयाँ मापदण्ड बमोजिम गरौं ।
- सार्वजानिक बाटोमा निर्माण सामग्री राख्ने, पराल सुकाउने, थ्रेसर लगाउने, गाइबस्तु बाध्ने लगायतका कार्यहरू नगरि त्यसको संरक्षक गरौं ।
- यस गापालाई पूर्ण खोप सुनिश्चितताको घोषणामा प्रतिबद्ध बनौं । सबै बालबालिकालाई नियमित खोप कार्यक्रममा सहभागी बनाऔं ।
- घर निर्माण गर्दा गाउँपालिकाबाट नक्शा पास स्वीकृति लिएर मात्र घर निर्माण गरौं ।
- यो गापा तपाई हाम्रो साझा हो । त्यसैले यसलाई सभ्य, सफा र सुन्दर बनाउने तपाई हाम्रो साझा जिम्मेवारी हो ।
- गाउँपालिका भित्रका सार्वजनिक स्थलहरूमा फोहोर फाल्ने, घर टहरा निर्माण गर्ने र न्यापार न्यवसाय नगरौं ।
- प्लाष्टिकको झोला प्रयोग नगरौं । यसको सट्टा कपडाको झोला प्रयोग गरौं ।
- यस गाउँपालिका भित्र रहेका विभिन्न पर्यटकीय स्थलहरू, धार्मिक स्थलहरूको संरक्षण गरौं ।

*खुशी राखौं बालबालिकाको मुहार, बालमैत्री कमल समृद्धिको आधार।*

**कमल गाउँपालिका**
गाउँकार्यपालिकाको कार्यालय, कमल, झापा

# चलचित्रकै गीतहरुको बोलवाला

२०८२ ले नेपाली गीत संगीत क्षेत्रमा विभिन्न लोकप्रिय गीतहरु दिएर जाँदैछ । प्रविधिमा आएको रुपान्तरणले सामाजिक सञ्जालहरुमा बढि हेरिएका र सुनिएका गीतलाई लोकप्रिय भनिने मानक बनाउँदै गएको छ । यस्तै यहाँ २०८२ मा यो समाचार तयार पार्दा सम्म युट्युवमा बढि हेरीएका केही गीत बारे उल्लेख गरिएको छ । प्रधानमन्त्री बन्नुअघि सार्वजनिक गरिएको बालेन्द्र शाहको गीत 'जय महाकाली' चर्चामा छायो । यो छिटो १० लाख भ्युज पाउनेदेखि २४ घण्टामा धेरै हेरिने गीतको रेकर्ड बनाउन सफल भयो । वर्ष भरिका अन्य चर्चित गीतहरुमा भने चलचित्रका गीतहरुकै बोलवाला देखिएको थियो । प्रस्तुत् छ वर्ष भरिमा बढि हेरिएका गीतहरु बारे जानकारी :

**१. न्याउली वनैमा**

फिल्म 'वरिष्ठ बलराम' मा समावेश 'न्याउली वनैमा' यसवर्ष सर्वाधिक चलेको गीत हो। गत असोज ८ गते सार्वजनिक यस गीतलाई युट्युबमा ४ करोड ४४ लाख बढी पटक हेरिएको छ । जुन यसवर्षकै सबैभन्दा बढी भ्युज पाउने गीत हो ।

गीतको भिडिओमा विजय बराल र समृद्धि अर्याल फिचर्ड छन् । प्रेमिल शब्दमा तयार पारिएको गीतले मायालाई मनमा राखेको भाव व्यक्त गरेको छ ।

**२. काफ्ले**

सुपरहिट फिल्म 'ऊनको स्वीटर' को 'काफ्ले' गीत यसवर्ष युट्युबमा धेरै रूचाइएको दोस्रो हो । यस गीतलाई युट्युबमा ४ करोड ३६ लाखभन्दा बढी पटक हेरिएको छ । टिकटकदेखि रिल्समा चर्चित गीतमा युवराज काफ्लेको शब्द र झुमा लिम्बूको संगीत रहेको छ । गीतमा झुमासहित चर्चित गायक सुजन चापागाईंले गीतमा स्वर भरेका छन् । फिल्मको कथासँगै जोडिएको गीतको भिडिओमा विपिन कार्की र मिरूना मगर फिचर्ड छन् ।

**३. चाइनेजो जिन्दगानीमा**

यसवर्ष धेरै हेरिएको गीतको तेस्रो नम्बरमा पनि फिल्म 'ऊनको स्वीटर'कै गीत समावेश छ । लोकशैलीमा तयार पारिएको यस गीतमा सुजन चापागाईं र सलिना विकको स्वर रहेको छ । गीतको भिडिओमा अभिनेता एलेक्स पारस र अभिनेत्री परीक्षा लिम्बूले नृत्य गरेका छन् । 'दर्पण छाँया' जोडी दिलिप रायमाझी र निरूता सिंहलाई समर्पित गर्दै निर्माणटिमले गीतको भिडिओ ल्याएको थियो ।

हर्क साउदका शब्द रहेको यस गीतमा सुजन स्वयमले संगीत भरेका हुन् । गीतको एरेन्ज भने कुशल सिंह र विकेश बज्रले मिलेर गरेका हुन् । यस गीतले हालसम्म ३ करोड ५९ लाख भ्युज पाएको छ ।

**४. पुतली, मया लाम्न हो**

'पुतली मया लाम्न हो' यसवर्ष धेरै हेरिएको गीतको चौथो स्थानमा छ । भिष्मराज फुलाराको शब्द रहेको गीतमा आशिष अविरल र एलिना चौहानको स्वर सुन्न सकिन्छ । रमाइलो शैलीको गीतमा राजेन्द्र बजगाईंको संगीत रहेको छ । सुनिल विकको निर्देशनमा बनेको गीतको भिडिओमा प्रदीप लामा र जुना सुन्दासको अभिनय छ । सियोन श्रेष्ठ गीतको कोरियोग्राफर हुन् । हालसम्म यस गीतले ३ करोड ५७ लाख भ्युज पाइसकेको छ ।

**५. आन्टी लभर**

कला लम्सालको गीत 'आन्टी लभर' यसवर्ष धेरै हेरिने गीतको पाँचौं नम्बरमा छ । रमेश परिवारको शब्द र संगीत रहेको गीतमा कलासहित आशिष अविरलको स्वर रहेको छ। गीतमा आशिषकै म्युजिक एरेन्ज छ ।




मौसम हिमालीको निर्देशन रहेको गीतको भिडिओमा कला लम्साल र बद्रीप्रसाद तिवारीको अभिनय छ। टिकटक र रिल्समा निकै भाइरल यस गीतलाई हालसम्म ३ करोड ४१ लाख बढी भ्युज पाइसकेको छ ।

**६. छैन र माया**

चर्चित लोकगायक प्रकाश दुतराजले ल्याएको 'छैन र माया' यसवर्ष धेरै रूचाइएको गीत हो । रिलिजसँगै यो गीत टिकटकदेखि सामाजिक सञ्जालमा भाइरल भएको थियो । दसैंको अवसरमा सार्वजनिक यस गीतलाई ३ करोड ८ लाख पटक हेरिएको छ । गीतमा प्रकाशसहित मेलिना राईको स्वर सुन्न सकिन्छ । यस गीतमा कृष्ण केसीले संगीत संयोजन गरेका छन् । गीतको भिडिओमा प्रकाशसहित अञ्जली जिसी फिचर्ड छिन् ।

**७. झलिको**

लोकगायक अर्जुन सापकोटाको 'झलिको' बोलको गीत पनि यसवर्ष निकै चर्चामा रह्यो। कात्तिक अन्तिम साता सार्वजनिक यो गीत टिकटक र रिल्समा लामै समयसम्म छायो । कृष्ण रेउलेको थेगो रहेको गीतको शब्द सन्तोष सापकोटाले लेखेका हुन् । अर्जुनको संगीत भरेको गीतमा प्रदीप रोदनको कविता वाचन छ । अर्जुनसँगै गीतमा मेलिना राई र समीक्षा अधिकारीको स्वर छ । गीतमा प्रेमी जोडीको भावनाहरूलाई व्यक्त गरिएको छ । भिडिओमा अर्जुन सापकोटा र कुसुम भण्डारीको अभिनय तथा नृत्य छ । साथमा शिवु पाण्डे, राजेन्द्र अर्याल, सन्तोष सापकोटा लगायत पनि देखिएका छन् । निकै चर्चा बटुलेको यस गीतलाई युट्युबमा २ करोड ८६ लाख २१ हजार पटक हेरिएको छ ।

**८. जाने भए जाम माया**

झलगर सिसन बानियाँ र गुराँस नानीसँगको सहकार्यमा दुर्गेश थापाले ल्याएको 'जाने भए जाम माया' यसवर्ष राम्रै चल्यो। यस गीतमा शब्द, संगीत र संगीत संयोजन दुर्गेशकै रहेको छ । गीतमा दुर्गेशसहित सिसन र अल्हाजी गेरोको स्वर रहेको छ । गीतको भिडिओमा दुर्गेश, सिसन र गुँरास नानीसँगै अन्य कलाकारहरु छन् । यस गीतलाई २ करोड ७८ लाख बढी पटक हेरिएको छ।

**९. डोको बुन्ने नियालो चोयाले**

दिनेश राउत निर्देशित फिल्म 'कुमारी' मा समावेश गीत 'डोको बुन्ने निगालो चोयाले' यसवर्ष चर्चित बन्यो । सार्वजनिक भएसँगै टिकटकदेखि सामाजिक सञ्जालमा छाएको गीतमा केहरसिंह लिम्बूको स्वर रहेको छ । सागर लामिछाने मगर र सुमन तामाङका शब्द रहेको गीतमा सुमन तामाङ र केहरले नै सङ्गीत भरेका छन् । शिशिर खातीको कोरियोग्राफी रहेको यस गीतको भिडिओमा फिल्मका मुख्य कलाकारहरु अबिषेक खड्का र आकृति राजभण्डारीलाई देख्न सकिन्छ। हालसम्म गीतलाई २ करोड ५८ लाख पटक हेरिएको छ ।

**१०. शीरमा शिरबन्दी**

समीक्षा अधिकारीको गीत 'शीरमा शिरबन्दी' यसवर्ष धेरै हेरिने गीतको सूचीमा परेको छ । सुजित खत्रीको शब्द रहेको गीतमा समीक्षासहित सुवास खत्रीको स्वर सुन्न सकिन्छ । सुवासकै संगीत रहेको गीतलाई आकाश नेपालीले एरेन्ज गरेका हुन्। गीतको भिडिओमा प्रभात पाल ठकुरीसहित समीक्षा स्वयमको अभिनय छ । हालसम्म गीतलाई २ करोड ५५ लाख ५६ हजार पटक हेरिएको छ ।

---

पुस्तक-साभार

## सोच बदलौं, जिन्दगी बदलौं

तपाईको दिमागमा अनौठो शक्ति छ

## लोम्बार्डी टाइमको अभ्यास गर्नुस्

✍ ब्रायन ट्रेसी

क्रमागत :

विन्स लोम्बार्डीले जब ग्रीन बे पेकर्स टीमको कमान सम्हाले तब अधिकाशं खेलाडी म्याच र टीमको बसभन्दा ठीक अगाडिसम्म गायब रहन बानी परिसकेका थिए । धेरैजसो उनीहरू ढिलो आउँथे र उनीहरूको कारण सबैले पर्खनु पर्थ्यो । यसैले लोम्बार्डीले "लोम्बार्डी टाइम" को कल्पनासँग अवगत गराए । यसको मतलब थियो निश्चित समयभन्दा पन्ध्र मिनेट पहिला । अन्ततः सबै समयभन्दा पहिला आउन थाले र समस्या सुल्झियो ।

तपाईले पनि लोम्बार्डी टाइमको सोचलाई अपनाउनु पर्छ । समयमा हर काम गर्नको लागि आफूलाई मानसिक रूपमा तयार गरेर, यसको अभ्यास तबसम्म बारम्बार गर्नुपर्छ, जबसम्म यो तपाईको बानीमा सजिलै सामेल हुँदैन । दुई प्रतिशतभन्दा पनि कम मानिस समयका पाबन्द हुन्छन् । जो कोही कुनै न कुनै प्रकारले यो कुरा नोट गरिरहन्छ । समयमा काम गर्ने बानी बसाउनुस्– या संभव हुन्छ भने समयभन्दा पहिला पनि–हर एक कामको लागि ।

**हर मिनेटको प्रयोग गर्नुस्**

काममा सबैभन्दा पहिला पुग्नुस् र जब तपाईं त्यहाँ पुग्नुहुन्छ तत्काल काममा जुट्नुस् । पत्रिका पढ्ने, कफी पिउने या साथीहरूसँग गफशफ गर्नमा समय नबिताउनुस् । एउटा यस्तो मानिसको रूपमा ख्याति प्राप्त गर्नुस्, जो हर समय काम र महत्त्वपूर्ण काममा नै जुटेको हुन्छ । कामको पूरा समय काम नै गर्नुस् । आफूलाई यसरी अनुशासित गर्नुस् कि तपाईंको ध्यान आफ्नो समयको सदुपयोग सबैभन्दा राम्रो तरिकाले गर्नेमा होस् । अरु मानिसलाई तपाईको काममा खलल पैदा गर्न नदिनुस् । जब तपाईले कफी या लन्च ब्रेक लिनुपर्ने हुन्छ तब आफ्नो सुविधाको हिसाबले लिनुस् न कि जब समयले यसको अनुमति दिन्छ ।

**उत्पादनलाई दुईगुणा गर्नुस्**

तपाईको उत्पादकता बढाउनको लागि यो तीन सूत्रीय फर्मूला प्रस्तुत छ र सायद अर्को महिनामा तपाईंको आय पनि दुई गुणा हुनेछ । यो सजिलो र शक्तिशाली छ र यो हर त्यो मानिसको लागि उपयोगी छ जसले यसको उपयोग गर्ने छ । पहिलो, काममा एक घण्टा पहिला आउने फैसला गर्नुस् । यसमा धेरै अतिरिक्त प्रयासको आवश्यकता हुँदैन र यसले तपाईंलाई धेरै ट्राफिकबाट पनि बचाउँछ । आफ्नो दिनभरको कामको योजना बनाउनुस्, ताकि जब तपाईं काममा पुग्नुहुन्छ तब पूरा दिलोदिमागका साथ तत्काल काममा जुट्नुस् । तपाईलाई यो देखेर अचम्म लाग्ने छ, अरू आउनुभन्दा पहिला नै तपाईंले कति काम गरिसक्नु हुनेछ । रिसर्चबाट के प्रमाणित भैसकेको छ भने यदि तपाईंको काममा कुनै बाधा भएन भने तपाई तीन घण्टाको काम एक घण्टामा गर्न सक्नुहुन्छ ।

दोस्रो, लंचको समयमा पनि काम गर्नुस, जब तपाईंका साथी खाना खाइरहेका हुन्छन्, त्यो बेलामा पनि केही काम सकाएर उनीहरूभन्दा अगाडि जानुस् । लन्च हावर को नाममा एक घण्टाको बर्बादी या कसैसँग समय विताउने बानी छोडिदिनुस् । तेस्रो, सबैजना गैसकेपछि पनि एक घण्टा काम गर्नुस् । यो तेस्रो घण्टा, तपाईलाई दिनभरको काम समेट्न र भोलिपल्टको कामको योजना बनाउनमा पनि मद्दत गर्ने छ । साथै, एक घण्टा अरू काम गरेर तपाईं घर फर्कंदा ट्राफिक जामबाट पनि बच्नु हुनेछ । एक घण्टा पहिला शुरूवात गरेर, लंचमा पनि काम गरेर र सबै गैसकेपछि पनि एक घण्टा काम गरेमा तपाई आफ्नो काम गर्ने घण्टा अरूको भन्दा धेरै बनाउनु हुनेछ । यो बाहेक जब तपाई काममा ध्यान केन्द्रित गरेर धेरै महत्त्वको कामलाई प्राथमिकताको आधारमा गर्न थाल्नु हुनेछ तब तपाईं आफ्नो आम क्षमताभन्दा दुईगुणा धेरै काम गर्नुहुनेछ । तपाई छिटै आफ्नो संस्थानको सबैभन्दा महत्त्वपूर्ण मानिस मध्य एक हुनुहुनेछ । क्रमशः

---



**नव वर्ष २०८३**
**को हार्दिक मंगलमय शुभकामना**

नव वर्ष २०८३ सालको सुखद् अवसरमा सम्पूर्ण नगरबासी दाजुभाई, दिदीबहिनीहरूमा सुख–शान्ति, समृद्धि, सुस्वास्थ्य एवम् उत्तरोत्तर प्रगतिकोलागि **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**जनहितमा जारी सन्देश**

- आफ्नो वडा टोलहरू सफा राखौं ।
- आगलागीका सम्भावित दुर्घटनाबाट बचौं ।
- बालबालिकालाई शिक्षाबाट बञ्चित नगराऔं । यदि सहयोगापेक्षि बालबालिका भए वडा कार्यालयमा सम्पर्क राखौं ।
- बाटामा ढुंगा, गिटी थुपारेर यातायातमा अवरोध नपुऱ्याऔं ।
- निःशुल्क र गुणस्तरीय शिक्षाका लागि सामुदायिक विद्यालयमा विद्यार्थी भर्ना गराऔं ।
- मादक पदार्थ सेवन गरी समाजमा अशान्ति फैलाउने कार्य नगरौं ।

**कुवेरप्रसाद भट्टराई** : वडा अध्यक्ष
**लक्ष्मीदेवी बराल** : सदस्य
**रिना विश्वकर्मा** : सदस्य
**नरेशकुमार सुनुवार** : सदस्य
**नरेश बञ्जरा** : सदस्य
**भोषकुमार थुलुङ** : वडा सचिव

**९ नं. वडा कार्यालय**
**दमक नगरपालिका**
दमक–झापा

---

## मालपोत कार्यालय दमक झापाको
## ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना

जिल्ला झापा कमल गाउँपालिका वडा नं. ०७ वस्ने गंगाराम पौडेलको नाति दाताराम पौडेलको छोरा ना.प्र.नं. २३१११८४३८ मिति २०३४।०१।२४ झापाको नन्दलाल पौडेलले निजको नाममा दर्ता श्रेस्ता कायम रहेको तपशिलमा उल्लेखित जग्गाको ज.ध. श्रेस्ता पूर्जामा बाबुको नामथर हरिप्रसाद पौडेल र बाजेको नामथर गोविन्द पौडेल रहेको र ना.प्र.नं. समेत उल्लेख नभएकोले आफ्नो नेपाली नागरिकता प्रमाणपत्र अनुसार बावुको नामथर दाताराम पौडेल र बाजेको नामथर गंगाराम पौडेल कायम गरी नेपाली नागरिकताको प्रमाणपत्र नं. समेत कायम गरी पाऊँ भनी कमल गाउँपालिका ७ नं. वडा कार्यालय झापाको च.नं. १७६२ मिति २०८२।१२।२४ को सिफारिस पत्र साथ सर्जमिन मुचुल्का, नेपाली नागरिकता प्रमाणपत्र साथ द.नं. १६३१६ मिति २०८२।१२।२५ मा निवेदन पेश गरेकोमा हकदावी सम्वन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गर्ने मिति २०८२।१२।२५ मा आदेश भएको हुँदा यो सूचना प्रकाशित गरिएको छ । निवेदकको माग दावी बमोजिम निज नन्दलाल पौडेलको नाममा दर्ता श्रेस्ता कायम रहेको तपशिलमा उल्लेखित जग्गाको ज.ध. श्रेस्ता पूर्जामा निजको वाबु हरिप्रसाद पौडेल र बाजे गोविन्द पौडेलको नाम संशोधन गरी बाबु दाताराम पौडेल र बाजे गंगाराम पौडेल कायम गरी निजको नागरिकता प्रमाणपत्र नं. समेत कायम गर्दा कोहि कसैको हकहिस्सा वा स्वामित्वमा असर पर्न जाने भएमा यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिन भित्र आफ्नो सबुत प्रमाण सहित हकदावी गर्न यस कार्यालयमा आउनु होला । अन्यथा कानून बमोजिम भई जाने छ । पछि कुनै प्रकारको उजूर बाजूर लाग्ने छैन ।

**तपशिल:**

| जग्गा धनिको नाम, थर | गा.वि.स/ न.पा. | वडा नं. सि.नं. | कि.नं. | क्षेत्रफल व.मी. | नामसारी माग गर्नेको | कै |
|---|---|---|---|---|---|---|
| ज.ध. नन्दलाल पौडेल<br>बाबु: हरिप्रसाद पौडेल<br>बाजे: गोविन्द पौडेल | लखनपुर<br>लखनपुर | ५क<br>५क | ४२६<br>३८६ | १-३-१३<br>०-०-७ | ज.ध. नन्दलाल पौडेल<br>बाबु: दाताराम पौडेल<br>बाजे: गंगाराम पौडेल<br>ना.प्र.नं. २३१११८४३८<br>मिति २०३४।०१।२४ झापा | |

*इति सम्वत् २०८२ साल चैत्र २५ गते रोज ४ शुभम् ।*

---

**दैनिक राशिफल**

**आज मिति**
**२०८२ साल**
**चैत्र ३० गते**
**सोमबार**
13 April 2026
तिथि: एकादशी



**ज्यो. लक्ष्मी प्र. ढकाल**
ठेगाना : क्याम्पस मोड, सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | रोजगारीको अवसर । पारिवारिक मेलमिलाप । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | अध्ययनमा भने रुचि बढ्ने। आर्थिक उन्नति । |
| मिथुन | का कि कु घ ङ छ के को हा | मन प्रशन्न रहला । अँटेका कामहरु बन्ने । |
| कर्कट | हि हु हे हो डा डि डु डे डो | आय स्रोत बढेर जाला । शैक्षिक क्षेत्रमा प्रगति । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | आर्थिक पक्ष सुधार भ्रमणको योग देखिन्छ । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | पराक्रम बढ्ने । मित्रहरुबाट भरपुर सहयोग । |
| तुला | रा री रु रे रो ता ती तु ते | धर्मकर्ममा रुचि बढेर जाला । धोकेवाजहरुदेखि सावधान । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | शरीरमा कष्ट । आर्थिक लाभ हुने देखिन्छ । |
| धनु | ये यो भा भी भ धा फा ढ भे | आफन्तमा मनमुटाव होला । ब्यापार व्यवसायबाट लाभ । |
| मकर | भो जा जी खि खू खे खो गा गी | लेनदेनमा सतर्कता अपनाउनु होला । पढाई लेखाईमा मन जाला । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | आर्थिक पक्ष खस्कँदो । मित्रहरुबाट सहयोग कम। |
| मीन | दि दु थ झ ञ दे दो चा ची | परिश्रम अनुसार फल प्राप्तिमा कठिनाई, मनमा भने उत्साह । |

# श्रम संस्कृति पार्टीको वडासमिति



**दमक**/श्रम संस्कृति पार्टीले झापाको दमक वडा नम्बर १ मा वडासमिति गठन गरेको छ। हरिकुमार राईको अध्यक्षता गठित समिति १९ सदस्यीय रहेको छ। नगर अध्यक्ष लक्ष्मी गुरूङ (पुजा) को अध्यक्षतामा भएको कार्यक्रममा केन्द्रीय सदस्य मिका दुलालको प्रमुख आतिथ्य रहेको थियो। कार्यक्रममा केन्द्रीय सदस्य चन्द्र प्रकाश चेम्जोङ, ईलाम जिल्ला उपाध्यक्ष सुबास राईको विशेष आतिथ्य थियो भने दमक नगर सचिव सन्त बहादुर राई, कोषाध्यक्ष दुर्गामाया राई, अगुवा श्रमदाता महेन्द्र चामलिङ आतिथ्य रहेको थियो। कार्यक्रम अगुवा श्रमदाता फौदसिङ राईले सञ्चालन गरेका थिए। कार्यक्रम श्रम संस्कृति पार्टी कार्यालय फालगुननद चौकमा भएको थियो।

# बिसू पर्व मनाउँदै आठपहरीया

**धनकुटा**/ धनकुटामा मात्रै मुख्य बसोबास रहेको सीमान्तकृत आठपहरिया समुदायको महत्वपूर्ण सांस्कृतिक पर्व बिसु अर्थात् बैशाखे चाडको यतिबेला रौनक छ। नयाँ वर्षको आगमनसँगै मनाइने यस पर्वमा सुखशान्ति, उन्नति र आपसी मेलमिलापको कामना गर्दै एकआपसमा शुभकामना आदान-प्रदान गर्ने चलन रहेको छ। आठ दिनसम्म मनाइने यस चाडलाई आठपहरिया समुदायले वर्षकै पहिलो र प्रमुख पर्वका रूपमा विशेष धुमधामका साथ मनाउने गर्छन्।

तर, यसपटक भने तिथी घटबढका कारण चाड चैत महिनामा परेको छ। विसु चाड रामनवमी पछिको दोस्रो सोमबारबाट सुरु भइ आठदिनसम्म अर्थात तेस्रो सोमबारसम्म मनाउने गरिएको किरातँ आठपहरिया समाजका केन्द्रीय अध्यक्ष अष्टबहादुर आठपहरियाले जानकारी दिए। आठपहरिया समुदायले बिसु चाडपछि भदौरे अर्थात न्वागी र मंसिरे अर्थात वाडाङ्मेट चाडसमेत विशेष रूपमा मनाउने गर्छन्। आठपहरियाले सबैभन्दा ठूलो चाड भने वाडाङ्मेटलाई मान्दछन्। वाडाङ्मेटमा पहिलो सन्तान जन्मेकोमा खुसीयाली तथा वर्षभरि बाबु वा आमा गुनाउनेका सन्तान तीन दिनको पैदल यात्रा गरेर सुनसरीको बराहक्षेत्र नजिकै रहेको कोकाहा खोलामा पुगेर केश दाह्री मुण्डन गरी सामूहिक रुपमा बरखी फुकाउने गर्दछन्। आफ्नै मौलिक पहिरनमा पुरुषहरूले इष्टकोट, दौरा सुरुवाल लगाउने तथा महिलाहरूले म्याख्ली, सिन र हारि धारण गर्ने गर्दछन्। धनकुटा नगरपालिकामा मात्रै मुख्य बसोबास रहेको आठपहरिया जातिको जनसंख्या करिब ६ हजारको हाराहारीमा रहेको छ।

*निरन्तर....* ब्याजसहित कुल ऋण ७९ करोड रुपियाँ नाघिसकेको छ, जसले कम्पनीमाथि थप आर्थिक दवाव सिर्जना गरेको छ।

यात्री सेवाका हिसाबले भने रेल प्रभावकारी मानिएको छ। भारतको जयनगरदेखि जनकपुरधाम हुँदै महोत्तरीको बिजलपुरासम्म सञ्चालन भइरहेको रेल सेवा दैनिक तीन पटक चल्छ।

# दमकमा शुभारम्भ शाकोसको रक्तदान

**दमक/** दमक ६ स्थित देवकोटा चौंकमा रहेको शुभारम्भ बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आइतवार आयोजना गरेको रक्तदानमा २१ पिन्ट रगत संकलन भएको छ। रगतको अभाव हुन नदिन संस्थाले सामाजिक उत्तरदायित्व अनुसार खुल्ला रक्तदान कार्यक्रमको आयोजना गरेको संस्थाले जनाएको छ।

संस्थाको आफनै कार्यालयमा भएको रक्तदानमा सहकारीका अध्यक्ष गुरूभक्त ढुंगाना,व्यवस्थापक लोचन ढुंगाना लगायत संस्थाका सञ्चालक,शेयर सदस्य, कर्मचारीहरूले रगतदान गरेका कार्यक्रम संयोजक गणेश घिमिरेले जानकारी दिए।

संस्थाले बार्षिक कार्यक्रम अन्तर्गत बर्सेनी रक्तदान कार्यक्रमको आयोजना गरिआएको छ। रक्तदान नेपाल रेडक्रस सोसाईटी दमक शाखाको प्राविधिक सहयोगमा भएको थियो।

*पार्टी.....* अर्जुननरसिंह के.सी., कमल सुबेदी, करिस्मा कठरिया, कविन्द्र बुर्लाकोटी, गजाला शमीम मिकरानी, गणेश कार्की, निश्कल राई, पद्माकुमारी अर्याल, पुरूषोत्तम शुप्रभात यादव सदस्य रहेका छन्। सांसदहरु बिश्व राज पोखरेल, भीष्मराज आङ्देम्बे, मोहम्मद इश्तियाक राई, युवराज दुलाल, रमेश प्रसाई, रवीन्द्र पटेल, राम लामा, रूबिना आचार्य, रेखा कुमारी यादव, विष्णुमाया बि.क., श्रद्धा कुवर क्षेत्री र हरि ढकाल राज्य व्यवस्था तथा सुशासन समिति सदस्य छन्।


## पिनासका लक्षणहरु:

- नाक बन्द हुनु, नाकबाट श्वास फेर्न गाह्रो हुनु,
- आँखाको अगाडी र तलको भाग दुख्नु,
- नाकको छेउछाउ र अनुहार छोएपछि दुख्नु,
- विहानको समयमा टाउको बढी दुख्नु,
- सुँघ्ने शक्ति कमजोर हुनु,
- नाकबाट बाक्लो, पहेंलो सिँगान बग्नु,
- थकान महसुस हुनु, टाउको भारी र शरीर आलस्य हुनु आदी।

*लक्षण देखिएमा नजिकको स्वास्थ्य चौकिमा जाँच गराऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड


अन्तर्राष्ट्रिय

# सहमति विनै सकियो वार्ता

**एजेन्सी/** इस्लामावादमा भएको अमेरिका-इरानबीचको वार्ता सहमति बिना नै टुंगिएको छ। शनिबार सुरू भएको वार्ता आइतबार बिहानसम्म २१ घण्टा चलेको थियो। यसक्रममा दुबै पक्षले विभिन्न दस्तावेजहरू आदनप्रदान गर्दै त्यसमा व्यापक छलफल गरेका थिए। तर कुनै सहमति बन्न सकेन। अमेरिकी सञ्चारमाध्यमहरूका अनुसार आणविक सम्वर्द्धनको मुद्दा र हर्मुजमा इरानको नियन्त्रणका विषयमा मतभेद कायमै रहदाँ वार्ता परिणाममुखी बन्रून नसकेको हो। इरानीहरूसँग धेरै विषयमा छलफल हुनु सुखद् समाचार भए पनि कुनै सहमतिमा पुग्न नसकेको समाचारहरूमा उल्लेख छ। वार्ताका लागि अमेरीकी उपरराष्ट्रपतिको जेडी भान्स नेतृत्वमा वार्ताटोली ईस्लामावाद आएको थियो। पत्रकार सम्मेलनलगत्तै भान्स नेतृत्वको अमेरिकी टोली वासिङ्टन फर्किएको थियो। भान्स नेतृत्वको अमेरिकी प्रतिनिधिमण्डलमा राष्ट्रपति डोनाल्ड ट्रम्पका ज्वाइँ जारेड कुस्नर र मध्यपूर्वका लागि राजदूत स्टिभ विटकफ पनि वार्तामा सहभागि थिए।

स्थायी रूपमा युद्ध अन्त्य आणविक सम्वर्द्धनको मुद्दा र हर्मुज जलघाँटीको नियन्त्रण, युद्धमा भएको विध्वंशको क्षतिपुर्तिलगायत विषय वार्तामा उठाइएको इरानी पक्षले जनाएको छ। ती विषयमा मतभेद हुँदा वार्ता हुन नसकेको इरानी अधिकारीहरूले बताएका छन्। इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बघाईका अनुसार दुई देशबीच धेरै मुद्दाहरूमा समझदारी बनेको छ। उनले दुईदेखि तीन महत्वपूर्ण विषयमा मतभेद कायमै रहेको बताए।

वार्ता निश्कर्ष बिहिन भए पछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफू चिन्तित नभएको बताएका छन्। ह्वाइट हाउसबाट बाहिरिने क्रममा पत्रकारहरूसँग कुरा गर्दै उनले युद्धमा अमेरिका अगाडि रहेको जिकर समेत गरे। इरानलाई जसरी पनि जित्ने उनको भनाइ थियो। इरानको नौसेनासँग १ सय ५८ जहाजहरु रहेको र उनीहरूसँग २८ वटा माइन ड्रपरहरु रहे पनि ती सबै डुबिसकेको उनले बताएका छन्।

*बजेट.....* परेको १०६ किलोमिटर लामो यो खण्डमा करिब ७६० बिघा निजी जग्गा अधिग्रहण गर्ने सरकारको तयारी छ। तर अहिले किसानहरूको दुई हजार बिघाभन्दा बढी जग्गा रोक्का गरिएको छ। वर्षौंदेखि जग्गाको कारोबार भएको छैन।

पूर्व-पश्चिम विद्युतीय रेलमार्ग आयोजना अन्तर्गत काकडभिट्टा-इनरूवा खण्ड रेलवेका लागि झापाका ६ पालिकाका २६ वडा, मोरङका ९ पालिकाका २३ वडा र सुनसरीका ३ पालिका १४ वडाका स्थानीयको जग्गा ६ बर्षदेखि रोक्का राखिएको छ। काँकडभिट्टा-इनरूवा रेलमार्ग निर्माणका क्रममा ५१२ हेक्टर खेतीयोग्य जमिन र ५३.६१ हेक्टर बस्ती प्रभावित हुने अध्ययन गरिएको थियो। रेल्वेको केन्द्रबाट २५ मिटर दायाँ-बायाँ क्षेत्राधिकार हुने र ७.५ मिटर चौडाइको रेल्वे लाइन निर्माण गर्ने तयारी अनुसार सो जग्गा रोक्का भएको हो। रेलमार्ग र विद्युतको प्रसारण लाइनले ६३५.७७ हेक्टर जमिन ओगट्ने अनुमान अनुसार रेलमार्ग निर्माणका लागि ५० मिटर चौडाइको जमीन अधिग्रहणको तयारी स्वरूप जग्गा अधिग्रहण हुँदा सयौ जग्गाधनी परिवार प्रभावित भएका छन्।

आयोजना निर्माणका लागि जग्गा अधिग्रहण गर्दा चार हजार घरधुरीका ५१८ कित्ता जग्गा सरकारले मुआब्जा तिरेर लिनुपर्ने अवस्था थियो। जसका ६६६ वटा भौतिक संरचना भत्काउनुपर्ने सुचीमा छन्। यस्तै रेलमार्गमा पर्ने चारकोशे जंगलअन्तर्गत मोरङ र झापाको दुईवटा वन क्षेत्र प्रभावित हुनेछ। आयोजनाका अनुसार जम्मा १९.६० हेक्टर वन मासिने देखिए पनि अब भने आयोजनानै अन्यौलमा पुगेको छ।

रेल विभागका सुचना अधिकारी बोधप्रसाद भण्डारीका अनुसार आर्थिक वर्ष २०८२/८३ को बजेटमा जग्गा फुकुवा गरिदिने भनेर घोषणा भए पनि बाँकि प्रकृया पूरा नहुँदा यो कार्यान्वयन भएको छैन। यस्तै मालपोत कार्यालयहरूले समेत जग्गा फुकुवा सम्वन्धमा कुनै पनि परिपत्र नआएको जनाएका छन्।

काँकडभिट्टादेखि इनरूवासम्मको १०६ किलोमिटर लामो खण्डमा करिब ७६० बिघा निजी जग्गा अधिग्रहण गर्नुपर्ने अवस्था रहेको थियो। तर, दुई हजार बिघाभन्दा धेरै नागरिकको निजी जग्गा रोक्का हुँदा जग्गाधनीहरू मारमा परेका हुन्। आर्थिक वर्ष २०७७/७८ मा मुल्याङ्कन गर्दा काँकडभिट्टा-इनरूवा खण्डमा रेल मार्ग विस्तार गर्दा अधिग्रहण गर्नु पर्ने जमिनका लागि मुआब्जाका मात्र २४ अर्ब ४१ करोड रूपैयाँ लाग्ने अनुमान थियो। तर अहिले मुआव्जानै वितरण गर्दा पनि सो मुल्याङ्कन भन्दा धेरै बढि रकम आवश्यक पर्ने हुन्छ। तर रेल मार्गनै अन्योलमा परेको र सरकारले समेत रोक्का फुकुवा गर्ने घोषणा गरि सकेकाले सो कार्यान्वयन गर्नु पर्ने जग्गाधनीहरूले बताउँदै आएका छन्।


ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त

**झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**

दमक :
**देवीप्रसाद सिटौला**
(९८४२७६०२६५/९८२४९७९१८५)



बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०



अत्याधुनिक प्रविधिद्धारा उत्पादित
**नयाँ झापाली इटा बजारमा**
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
**भगवान बस्नेत** : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२


# आशा भोसलेको निधन



**दमक/** सुप्रशिद्ध भारतीय गायिका आशा भोसलेको ९२ वर्षको उमेरमा निधन भएको छ।

केही महिनादेखि अस्वस्थ रहेकी उनलाई शनिबार मुटु र श्वासप्रश्वाससम्बन्धी समस्या देखिएपछि मुम्बईस्थित ब्रिच क्यान्डी अस्पतालमा भर्ना गरिएको थियो। गम्भीर अवस्थामा अस्पताल लगिएकी उनलाई शनिबार राति आईसीयूमा राखेर उपचार भइरहेको थियो। ७ दशकभन्दा लामो संगीत यात्रामा उनले हजारौं गीत गाएर भारतीय मात्र होइन, विश्व संगीतमा समेत गहिरो प्रभाव छोडेकी थिइन्। उनका गीतहरु पुस्तौंसम्म लोकप्रिय रहँदै आएका छन्।

उनको निधनसँगै भारतीय संगीतले एउटा महत्वपूर्ण युग गुमाएको छ। गायिका भोसलेको निधनको खबर उनका छोरा आनन्दले आइतबार दिउँसो पुष्टि गरेका छन्। भारतीय संचारमाध्यमले पनि उनको निधनको खबर लेखेका छन्। उनको अन्त्येष्टि सोमबार गरिने परिवारले जनाएको छ। भारतीय सिनेमाकी सबैभन्दा सफल, लोकप्रिय र अत्यन्तै सक्रिय गायिकामध्ये एक भोसलेको स्थान हिन्दी फिल्म संगीतमा उनकी दिदी स्वर्गीय लता मंगेशकरसँग मात्र तुलना गरिन्थ्यो।

सन् १९३३ मा मंगेशकर परिवारमा जन्मिएकी आशाले ९ वर्षको उमेरदेखि नै व्यावसायिक रूपमा गायन सुरू गरेकी थिइन्। उनले सन् १९४३ मा पहिलो फिल्म गीत रेकर्ड गरेकी थिइन् भने १९५० को दशकसम्म आइपुग्दा बलिउडमा आ̂नै पहिचान स्थापित गरिसकेकी थिइन्। त्यसपछिका तीन दशकसम्म उनी अधिकांश संगीतकारहरूको रोजाइकी गायिका बनिरहेकी थिइन्।

*बहुपक्षीय.....* प्रतिबद्धता निरन्तर प्रदर्शन गर्दै आएको उनले जनाए। राष्ट्रसङ्घका उपमहासचिव जिन पियर लाँक्रोले नेपाली शान्ति सैनिकको समर्पण र व्यावसायिकताको प्रशंसा गर्दै उनीहरूको योगदानप्रति आभार व्यक्त समेत व्यक्त गरे।


## कर्मचारी आवश्यकता

**यस संस्थाको संचालक समितीको मिति २०८२।१२।१० मा बसेको बैठक तथा पदपूर्ती उपसमितीको मिती २०८२।१२।२७ मा वसेको बैठकको निर्णय अनुसार संस्थालाई निम्नानुसार कर्मचारी आवश्यकता परेको हुँदा योग्यता पुगेका नेपाली नागरीकहरुवाट दरखास्त आव्हान गरिएको छ।**

**तपसिल :**

| | |
|---|---|
| **१) विज्ञापन नं: १।०८२२०८३** | **२) विज्ञापन नं : २।०८२१०८३** |
| १.१) पद कार्यालय सहायक | २.१) पद : कार्यालय सहयोगी |
| १.२) तह : चौथो (संस्थाको आन्तरिक कार्यविधि अनुसार) | २.२) तह : श्रेणी विहिन |
| १.३) संख्या : २ (दुई) (१ विवाहित महिला, १ खुल्ला) | २.३) संख्या : १ (एक) (खुल्ला) |
| १.४) न्यूनतम शैक्षिक योग्यता : व्यवस्थापन विषयमा कक्षा १२ उर्तिण गरेको। | २.४) न्यूनतम शैक्षिक योग्यता: एस.एल.सि.वा एस.ई.ई उर्तिण गरेको। |
| १.५) तालिम तथा अनुभव कम्प्युटर सम्बन्धी ज्ञान भएको। | २.५) तालिम तथा अनुभव : कम्प्युटर सम्बन्धी सामान्य ज्ञान भएको |
| १.६) उमेर: महिलाको हकमा दरखास्त दिने अन्तिम दिन १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको। पुरुषको हकमा दरखास्त दिने अन्तिम दिन १८ वर्ष पूरा भई ३० वर्ष ननाघेको। | २.६) उमेर : महिलाको हकमा दरखास्त दिने अन्तिम दिन १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको। पुरुषको हकमा दरखास्त दिने अन्तिम दिन १८ वर्ष पूरा भई ३० वर्ष ननाघेको। |

३) पेश गर्नुपर्ने कागजात : फोटो सहितको निवेदन, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि, तालिम अनुभवका प्रमाणपत्रका प्रतिलिपि, स्थायी वासस्थान खुल्ने कागजातको प्रतिलिपि।
४) आवेदक संस्थाको शेयर सदस्य परिवार भएको हुनुपर्नेछ र कार्यालय समयमा संस्थामा उपस्थित भई निवेदन पेश गर्न सक्नुहुनेछ।
५) परिक्षा तथा आवेदन दस्तुर विज्ञापन नं १ को लागि रु. ५००।- र विज्ञापन नं २ का लागि रु. ३००।-
६) परिक्षाको किसिम लिखित/प्रयोगात्मक/अन्तर्वार्ता
७) मासिक तलव तथा सुविधा संस्थाको नियम अनुसार।
८) दरखास्त दिने अन्तिम मिति: २०८३ वैसाख ०८ गते मंगलबार कार्यालय समय भित्र।
९) सम्पर्क मिति: २०८३ साल वैशाख ०९ गते विहान ११ बजेपछि।
१०) परिक्षा मिति, समय र स्थान सम्पर्क मितिको दिन जानकारी गराईनेछ।

**लिखित परिक्षाको पाठ्यक्रम**
सामान्य ज्ञान, तथा समसामयिक घटनाक्रम, कार्यालय संचालन, लेखा व्यवस्थापन, कर्जा व्यवस्थापन, सहकारीको इतिहास र वर्तमान

*पुनश्च : यस विज्ञापन कुनै पनि कारणले स्थगित, पुन: विज्ञापन वा रद्ध गर्न सक्ने सम्बन्धी सम्पूर्ण अधिकार संस्थामा रहनेछ।*

**गौरादह साना किसान महिला कृषि सहकारी संस्था लि.**
गौरादह-२, झापा (फोन: ०२३-४८०३२८)





**नव वर्ष २०८३**
**को हार्दिक मंगलमय शुभकामना**

नव वर्ष २०८३ सालको शुभ अवसरमा निर्माणसँग सम्बन्धित, व्यवसायी सेवाग्राही, कर्मचारी, मजदुर एवम् सम्पूर्ण नेपाली दाजुभाइ दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दीर्घायू एवं उत्तरोत्तर प्रगतिको
**हार्दिक मंगलमय शुभकामना**
व्यक्त गर्दछौं।

**रमेश अधिकारी**
(अध्यक्ष)

**निर्माण व्यवसायी संघ परिवार झापा**


**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल